केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०२/०७१/७२ मिति: २०७१/०४/१२

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०७१ को निर्देशन नं. २२ को बुँदा नं. ३३ (Electronic Cheque Clearing सम्बन्धमा) को उपबँदा नं. (४) लाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

*"ECC पूर्ण रुपमा संचालनमा आइसकेको हुँदा २०७१ कात्तिक १ गते देखि बैंक तथा वित्तीय संस्थाहरुले ग्राहकलाई चेक जारी गर्दा MICR चेक मात्र जारी गर्नुपर्ने छ। ग्राहकसँग भएका पुराना (Non-MICR) चेकहरु सो मिति देखि छ महिनासम्म प्रयोगमा ल्याई सो पश्चात् MICR चेकहरु मात्र क्लियरिङ्ग हुने व्यवस्था गरिएको हुँदा बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकलाई यो व्यवस्था बमोजिम तोकिएको समय पश्चात् त्यस्ता चेकहरु ECC मार्फत् क्लियरिङ्ग नहुने व्यहोरा जानकारी गराई सोही बमोजिमको व्यवस्था मिलाउने ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौं।